नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाण्डौं ।

**कम्प्युटर लगायत अन्य ईलेक्ट्रोनिक्स मालसामानहरु लिलाम बिक्रीको सिलबन्दी दरभाउत्र सम्बन्धी सूचना ।**

**(दोस्रो पटक प्रकाशन मितिः २०८२।१०।०४**

यस विभागमा काठमाडौं जिल्ला अदालतको चं.नं.४१, मितिः २०८२।०१।२८ को पत्रबाट प्राप्त कम्प्युटर लगायत अन्य ईलेक्ट्रोनिक्स मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी दरभाउपत्रको माध्यमबाट कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का , नियन्त्रण र जफत) ऐन , २०७० को दफा १८ बमोजिम गठित मुल्याङ्कन समितिबाट कायम भएको न्युनतम मुल्याङ्कनलाई आधार मानेर सोही ऐनको दफा २० र दफा २१ को उपदफा (२) मा भएको व्यवस्था तथा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का , नियन्त्रण र जफत) नियमावली, २०७७ को नियम (९) मा उल्लेख भए बमोजिम देहाय बमोजिमका मालसामानहरू लिलाम बिक्री गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित शर्तमा लिलाम बिक्री गर्न यो सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

१. लिलाम बिक्रीको सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनि भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, आ.व. ०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र, मू.अ.कर वा स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि सहित रु. १,०००।- फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखामा बुझाएको रकमको सक्कल रसिद संलग्न गरी मिति २०८२।१०।१८ गते (पन्ध्रौं दिनसम्म) कार्यालय समयभित्र विभागबाट खरिद गर्न सकिने छ ।

२. व्यक्ति, फर्म वा कम्पनीले आफूले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफूले सम्बन्धित मालसामानको कवोल गरेको अंक सहित सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मिति देखि मिति २०८२/१०/१९ (१६ औं दिन) गते दिनको १२:०० बजे भित्र विभागमा व्यक्ति भए स्वयं वा आफूले अख्तियारी दिईएको व्यक्ति, साझेदारी फर्म भए आधिकारीक प्रतिनिधि र अन्यको हकमा प्रोप्राईटर स्वयं वा अधिकार प्राप्त व्यक्तिले सहिछाप गरी खाम बाहिर श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र सूचना नं. उल्लेख गरि सिलबन्दी गरी दर्ता गर्नुपर्नेछ।

३. व्यक्ति, फर्म वा कम्पनीले सिलबन्दी दरभाउपत्र व्यक्ति भए नागरिकताको प्रतिलिपि सहित व्यक्तिगत स्थायी लेखा नं. र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. ०८१ /८२ सम्मको कर चुक्ता प्रमाणपत्र मु.अ. कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। कुनै कागजात वा प्रमाणपत्रको प्रतिलिपि पेश गर्दा नोटरी पब्लीकबाट प्रमाणित भएको हुनुपर्नेछ ।

४. आफुले कवोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

५. मालसामानहरू सकार गरेपछी नेपाल सरकारले कानून बमोजिम तोकेको सम्पुर्ण दस्तुर तथा करहरु लिलाम सकार गर्ने व्यक्ति/फर्म/कम्पनी स्वयंले व्यहोर्नुपर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति वा फर्मले आफूले स्वीकार गरेको रकमको नियमानुसार मूल्य अभिवृद्धी कर (VAT) र अन्य करहरू समेत तिर्नुपर्ने छ ।

७. विभागमा पेश हुन आएका सम्पूर्ण सिलबन्दी दरभाउपत्र मिति २०८२/१०/१९ गते दिनको १४:०० बजे रितपूर्वक दरभाउपत्र पेश गरेका व्यक्ति वा संस्थाको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ ।तर सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उ पस्थित नभएको कारणले मात्र प्रचलित कानून बमोजिम सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

८. लिलाम बिक्री हुने सामानहरु हेर्न चाहने दरभाउपत्रदाताले विभागमा कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

९. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

१०.सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागलाई सुरक्षित रहने छ ।

११.व्यक्ति र कम्पनी वा फर्मले लिलाम बिक्री हुने मालसामानहरू सम्बन्धी केही बुझ्न चाहेमा विभागको आर्थिक प्रशासन वा भण्डार शाखामा वुझ्न सकिनेछ

१२.सिलबन्दी दरभाउपत्र स्वीकृत गर्दा रित पुगेका दरभाउपत्रहरुमध्ये सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी दरभाउपत्रलाई स्वीकृत गरिने छ।

१३.लिलाम बिक्री हुने मालसामानहरूको लिलाम बिक्री सम्बन्धी सिलबन्दी दरभाउपत्रमा आफूले कबोल गरेको रकम पेश गर्दा सबै मालसामानहरूको एकमुष्ट रूपमा पेश गर्नुपर्ने छ ।

१४.सूचनामा उल्लेखित वाहेकका अन्य बिषय प्रचलित कानून बमोजिम हुनेछन्।

१५.थप जानकारीका लागि विभागको टेलिफोन नं. ०१-४२११०९३ , ०१-४२११५५४ र ०१-४२१११७७ मा सम्पर्क गर्न सकिनेछ ।

**निम्नः**

| क्रमसंख्या | सम्पत्ति तथा मालसामानको नाम | स्पेसिफिकेशन | सुरु प्राप्ति मिति | लिलाम गर्नु पर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | Desktop Computer (Assemble) | Intel(R)Core(TM)2 Duo CPU E4400@2.00GHz 1.99GHz 2020 Model, RAM:4GB(DDR3), Storage:128GB SSD LED Monitor | २०७७ | 132.00 | |
| २ | Desktop Computer (Assemble) CPU box | Intel(R)Core(TM)2 Duo CPU E4400@2.00GHz 1.99GHz 2020 Model, RAM:4GB(DDR3), Storage:128GB SSD | २०७७ | 42.00 | |
| ३ | Desktop Computer (Assemble) CPU box | Intel(R)Core(TM)2 Duo CPU E4500@2.20GHz 2.19GHz 2020 Model, RAM:4GB(DDR3), Storage:128GB SSD | २०७७ | 55.00 | |
| ४ | Printer | Canon Printer LBP 6030 Laserjet Printer | २०७७ | 1.00 | |

| क्रमसंख्या | सम्पत्ति तथा मालसामानको नाम | स्पेसिफिकेशन | सुरु प्राप्ति मिति | लिलाम गर्नु पर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| ५ | Laptop | Dell Latitude E5430(i3) intel(R) Core™ i3-2350MCPU @ 2.30 GHz, Model:2012, RAM:4GB(DDR3), Storage:320GB(HDD) | २०७७ | 2.00 | |
| ६ | Laptop | Acer (i3) intel(R) Core™ i3-2350M CPU @ 2.30 GHz, RAM:4GB(DDR3), Storage:512GB(HDD) | २०७७ | 1.00 | |
| ७ | Router | Cambium Network HVIN-E410 | २०७७ | 2.00 | |
| ८ | Headphone | ZEB-Supreme, USB With Mic | २०७७ | 50.00 | |
| ९ | Mouse | USB Mouse | २०७७ | 200.00 | |
| १० | Keyboard | USB keybord | २०७७ | 127.00 | |
| ११ | vga cable | VGA cable | २०७७ | 82.00 | |
| १२ | Power Cable | Power Cable | २०७७ | 133.00 | |
| १३ | Desktop Computer (Assemble) CPU box | | २०७७ | 42.00 | |
| १४ | Led Monitor | | २०७७ | 124.00 | |
| १५ | Laptop | Dell Inspiron 1440 (Pentium) | २०७७ | 1.00 | |
| १६ | Router | Nokia Worldlink G-140W-G | २०७७ | 1.00 | |
| १७ | Headphone | USB Headphone | २०७७ | 290.00 | |
| १८ | Keyboard | USB Keyboard | २०७७ | 151.00 | |